## २०७६ साल फाल्गुण २३ गतेको मन्त्रिपरिषद् बैठकका निर्णयहरु:

१. कर्णाली प्रदेश अन्तर्गत कालिकोट, सल्यान र रुकुम पश्चिम जिल्लाहरुमा कारागार भवन निर्माण गर्ने प्रयोजनका लागि आगामी आर्थिक वर्षमा यही कार्यक्रममा थप आर्थिक दायित्व सिर्जना नहुने गरी विनियोजित बजेटको सीमा भित्र रही कारागार भवन निर्माण गर्ने गरी सम्बन्धीत जिल्लाका जिल्ला प्रशासन कार्यालयलाई प्रति जिल्ला रु. एक करोडका दरले अख्तियारी प्रदान गर्न स्वीकृति प्रदान गर्ने ।

२. कर्णाली प्रदेशमा निर्माणाधिन आपतकालिन गोदामघर निर्माण कार्य पुरा गर्नका लागी लाग्ने स्टीमेट अनुसारको रकम रु. ४ करोड ६३ लाख नेपाल सरकारसँग रकम माग गर्नको लागी स्वीकृति प्रदान गर्ने ।

३. प्रथम पञ्चवर्षीय योजनाको आधार पत्र स्वीकृत गर्ने।

४. कर्णाली प्रदेश सहकारी नियमावली, २०७६ सम्बन्धमा मन्त्रिपरिषद् प्रशासन तथा विधेयक समितिमा छलफल गरी पेश गर्ने।

५. कोरोना भाइसर (कोभिड-१९) प्रतिकार्य सम्बन्धमा देहायबमोजिम गर्नेः

   १. कर्णाली प्रदेश प्रवेश गर्ने ५ वटा नाकाहरू क्रमशः हुम्लाको हिल्सा (हाल याल्वाङ), सल्यानको कपुरकोट, सुर्खेतको बबई, सुर्खेत विमानस्थल र कुइनेमा हेल्थ डेस्क स्थापना गर्न आवश्यक पर्ने मेडिकल अधिकृत १० जना (दरबन्दीमा रहेका मध्येकाबाट), हेल्थ असिष्टेण्ट ३२ जना (छोटो समयको सूचना प्रकाशन गरी संक्षिप्त कार्यविधि अपनाई तालिम प्राप्त बाह्य जनशक्तिबाट छनोट गरेर), स्टाफ नर्स/अ.न.मी २६ जना (सामुदायिक नर्स परिचालन कार्यक्रम नन्तर्गत स्टाफ नर्स/अ.न.मी छनौट गर्दाको रोष्टरमा रहेको मध्येबाट) कुल जनशक्ति ६८ जना बढिमा तीन महिनाका लागि परिचालन गर्न स्वीकृति प्रदान गर्ने।

   २. आपतकालिन अवस्था आइपरेमा रु. ५ लाख भन्दा माथिका आवश्यक उपकरण, औषधि सोझै खरिद गर्न सामाजिक विकास मन्त्रालयलाइ स्वीकृत प्रदान गर्ने।

   ३. प्रदेश अस्पतालबाट Quarantine & Isolation Ward व्यवस्थापन गर्न माग भएको लागत अनुमान बमोजिमको रकम रु. ४९९३९४४।६० आवश्यकता अनुसार सोझै खरिद गर्न स्वीकृति प्रदान गर्ने ।

   ४. शंकास्पद बिरामीलाई थप उपचारका लागि तत्काल Ambulance तथा Air Lifting को लागि र आवश्यक पर्ने थप औषधि तथा सामग्रीका साथै जनशक्ति व्यवस्थापन गर्न सामाजिक विकास मन्त्रालयमा आवश्यक रकमको व्यवस्था गर्ने ।

   ५. माथि बुदा नं. १ देखि ४ सम्मका कार्य गर्नका लागि तत्काल आवश्यक रकम मन्त्रालयबाट कार्य गर्दै गर्ने र थप रकम आर्थिक मामिला तथा योजना मन्त्रालयबाट माग गर्ने।

६. भिडभाडमा नजान, सार्वजनिक स्थलहरुमा अनावश्यक रुपमा आवत जावत नगर्न, भेला, सभा, सम्मेलन जस्ता कार्यहरु नगर्न अनुरोध गर्ने, यस सम्बन्धी प्रचार प्रसार गर्ने, गतल सूचना सम्प्रेषण हुन नदिने लगाएतका रोकथामका उपायहरु सहितको कार्ययोजना बनाई तत्काल कार्यान्वयन गर्ने।

६. देहायबमोजिम कर्णाली प्रदेशका प्रस्तावित रुपान्तरणकारी आयोजनाहरु राष्ट्रिय योजना आयोगमा पठाउनेः

**कर्णाली प्रदेशका प्रस्तावित रुपान्तरणकारी आयोजनाहरुः**

**१. राष्ट्रिय गौरवका आयोजनाहरुः**

| क्र.सं. | आयोजनाहरु | विषय क्षेत्र | कैफियत |
|---|---|---|---|
| १. | सुर्खेत-हिल्सा द्रुतमार्ग कर्णाली कोरिडोर | यातायात | |
| २. | कोहलपुर-सुर्खेत चारलेन सडक | यातायात | |
| ३. | सुर्खेत-जाजरकोट-रुकुम-धो-मोरिम्ला भेरी कोरिडोर | यातायात | |
| ४. | दैलेख-महाबु-जुम्ला-मुगु नाग्च्या लाग्ना मध्य कोरिडोर | यातायात | |
| ५. | दाङ-सल्यान-रुकुम पूर्वी कोरिडोर | यातायात | |
| ६. | सुर्खेत विमानस्थल विस्तार तथा स्तरोन्नती | हवाई | |
| ७. | प्रदेश राजधानी पूर्वाधार विकास तथा वीरेन्द्रनगर स्मार्ट सिटी तथा रिङ्गरोड निर्माण | शहरी विकास | |
| ८. | कर्णाली वस्ती विकास आयोजना | आवास | |
| ९. | नलसिंहगाड जलविद्युत आयोजना ४१० मेगावाट | उर्जा | |
| १०. | फुकोट जलविद्युत आयोजना ४०० मेगावाट | उर्जा | |
| ११. | बुटवल-सुर्खेत ४०० केभी विद्युत प्रसारण लाईन | उर्जा | |
| १२. | कैलाली-फुगाड सम्म ४०० केभी विद्युत प्रसारण लाईन | उर्जा | |
| १३. | सुर्खेत-नलसिंहगाड र जगदुल्लासम्म ४०० केभी विद्युत प्रसारण लाईन | उर्जा | |
| १४. | कृषि तथा पशुपालन बहुउद्देश्यीय हिमाली तथा पहाडी स्रोत केन्द्र | कृषि | |
| १५. | पेट्रोलियम पदार्थ उत्खनन् तथा प्रशोधन | उद्योग | |
| १६. | कर्णाली जडिबुटी प्रशोधन कम्पनी | उद्योग | |
| १७. | कर्णाली आयुर्वेदिक उत्पादन कम्पनी | उद्योग | |

२. प्रदेश महत्वका आयोजनाहरुः

| क्र.सं. | आयोजनाहरु | विषय क्षेत्र | कैफियत |
|---|---|---|---|
| १. | प्रदेश राजधानी सुर्खेतदेखि जिल्ला सदरमुकामसम्म जोड्ने सडक | यातायात | |
| २. | जिल्ला सदरमुकामदेखि पालिका केन्द्रसम्म जोड्ने सडक | यातायात | |
| ३. | अन्तर प्रदेश आर्थिक केन्द्र जोड्ने सडक | यातायात | |
| ४. | भेरी-बबई डाइभर्सन जलविद्युत आयोजना | उर्जा | |
| ५. | जगदुल्ला जलविद्युत आयोजना | उर्जा | |
| ६. | कर्णाली बस्ती विकास आयोजना | बस्ती विकास | |
| ७. | कर्णाली लिफ्टिङ्ग सिंचाई आयोजना | सिंचाई | |
| ८. | सुर्खेत, दुल्लु खानेपानी आयोजना | खानेपानी | |
| ९. | पर्वतीय विज्ञान तथा प्रविधि विश्वविद्यालय | शिक्षा | |
| १०. | हिमाली आवासीय विद्यालय | शिक्षा | |
| ११. | प्रदेश र जिल्ला अस्पताल | स्वास्थ्य | |
| १२. | कर्णाली र भेरी घुम्ती कोरिडोर अस्पताल | स्वास्थ्य | |
| १३. | अनिवार्य न्यूनतम आयआर्जन कार्यक्रम | गरिवी निवारण | |
| १४. | कृषि तथा पशुपालन स्रोत केन्द्र निर्माण<br>क. चौरी<br>ख. च्याङ्ग्रा<br>ग. भेडाबाख्रा<br>घ. गाईभैंसी<br>ङ. मत्स्य<br>च. मौरी<br>छ. फलफूल तथा तरकारी | कृषि | |

| | | | |
|---|---|---|---|
| | ज. पुष्प | | |
| १५. | प्रदेश शित भण्डार निर्माण | कृषि | |
| १६. | कर्णाली रत्न पत्थर उद्योग | उद्योग | |
| १७. | कर्णाली ऊन तथा सुती कपडा उद्योग | उद्योग | |
| १८. | कर्णाली पार्टिकल बोर्ड उद्योग | उद्योग | |
| १९. | कर्णाली पर्यटन पूर्वाधार परियोजना | पर्यटन | |
| २०. | कर्णाली आयमूलक हरियाली कार्यक्रम | वन वातावरण | |
| २१. | डिजिटल कर्णाली | सूचना प्रविधि | |

७. जाजरकोट जिल्लाको छेडागाड नगरपालिकाको प्रशासनिक केन्द्र साविक कार्की गाँउबाट छेडागाड नगरपालिका वडा नं ५ स्थित चंखिला भन्ने स्थानमा सार्ने सम्बन्धमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४ को उपदफा (३) बमोजिम नेपाल सरकारमा पठाउने।

८. सल्यान जिल्लाको छत्रेश्वरी गाँउपालिकाको केन्द्र साविक छायाँक्षेत्र गा.बि.स भवन रहेको स्थानवाट हालको छत्रेश्वरी गाँउपालिका वडा नं ३ र ५ को बीचमा पर्ने तारूपरे भन्ने स्थानमा सार्न र गाँउपालिकाको नाम छत्रेश्वरीबाट परिवर्तन गरी पाथिभरा छत्रेश्वरीकोट कायम गर्न माग गरिएको विषय स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४ को उपदफा (५) बमोजिम विधिवत रुपमा गाँउसभाको बैठकबाट प्रस्ताव पारित भइ आएको नदेखिएको हुँदा गाँउपालिकाको केन्द्र र नाम परिवर्तन गर्ने विषय अगाडि नबढाउने।

९. जुम्ला जिल्लाको हिमा गाँउपालिकाबाट गाँउपालिकाको केन्द्र वडा नं. ५ मा पर्ने गुरामाडु तलाखेत र बाजागाड तलाखेतमध्ये कुन स्थानमा राख्ने भन्ने सम्बन्धमा गाँउसभाका प्रतिनिधिहरुको दुइतिहाइ बहुमत नपुग्ने देखिएको हुँदा दुवै स्थान हेरफेर गरी उपयुक्त स्थान तोकिदिन प्रदेश सरकार समक्ष अनुरोध गर्ने निर्णय भइ आएकोमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४ को उपदफा (३) बमोजिम केन्द्र हेरफेर गर्नु पर्ने भएमा सम्बन्धित सभामा तत्काल कायम रहेको सदस्य संख्याको दुइतिहाइ बहुमतले पारित गरेको प्रस्ताव कार्यपालिकाले प्रदेश सरकार मार्फत नेपाल सरकारमा पठाउने व्यवस्था भएको हुँदा सोही व्यहोरा गाँउपालिकालाई जानकारी गराउने।

१०. डोल्पा जिल्लाको मुड्केचुला गाँउपालिकाको केन्द्र साविक वडा नं. ४ को इलनिलदहबाट परिवर्तन गरी वडा नं. ६ को तल्लो नर्कुमा कायम गर्ने सम्बन्धमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४ को उपदफा (३) बमोजिम नेपाल सरकारमा पठाउने।

*द्रष्टव्यः निर्णयसगँ सम्बन्धित अन्य थप विवरणहरु आवश्यक परेमा संबन्धित मन्त्रालयबाटै उपलब्ध हुनेछ ।*